# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३१० | बुटवल | २०८२ मंसिर ०४ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday November 20, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**बिजुलीको सुरक्षित प्रयोग गरौं।**

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं,
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौ,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

**सावधानी अपनाऔं, सुरक्षित रहौं।**

नेपाल सरकार विज्ञापन बोर्ड


# निर्वाचन बहिष्कार गरेर अराजकता नरोज्नू: प्रधानमन्त्री



**लुम्बिनी संवाददाता**

*बुटवल*

प्रधानमन्त्री सुशीला कार्कीले राजनीतिक दलहरूलाई आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनमा भाग लिनका लागि आयोगमा दर्ता हुन आग्रह गरेकी छन्।

बुधबार आयोगमा दर्ता भएका दलका प्रतिनिधि सहभागी बैठकलाई सम्बोधन गर्दै कार्कीले संसद् पुनर्स्थापनाको अडान छोडेर निर्वाचनतिर लाग्न भनेकी हुन्। उनले संसद् पुनर्स्थापनाको अडान लिनु राजनीतिक दुर्घटनालाई दोहोऱ्याउन खोजेको पुष्टि हुनु रहेको पनि बताइन्। 'अब संसद् पुनर्स्थापनाको अडान लिने हो भने त्यस कार्यले केवल विगतको राजनीतिक दुर्घटनालाई दोहोऱ्याउन खोजेको पुष्टि हुन्छ,' उनले भनिन्-'तसर्थ हामीले अब राजनीतिक बहसलाई संवैधानिक निकासको बाटो अर्थात् निर्वाचनमा केन्द्रित गर्नुपर्छ।'

दलहरूको सहभागिता, सहयोगबिना चुनावको परिकल्पना सम्भव नहुने भन्दै उनले मंसिर १० गतेभित्र अनिवार्य रुपमा दर्ता हुन पनि भनेकी छन्।

'लोकतन्त्रमा विश्वास गर्ने शक्तिहरूका लागि निर्वाचनबाट भाग्नु कुनै विकल्प होइन। तसर्थ लोकतन्त्रमा विश्वास गर्ने कुनै पनि दलले जनमतको सम्मान नगरी पुनःस्र्थापनाको कुरा गरेर संवैधानिक दायित्वबाट पलायन नहोस् भनी म विशेष आग्रह गर्दछु,' उनले भनेकी छन्-'लोकतन्त्रकावाहक शक्ति राजनीतिक दल नै हुन्। दलको साथ, सहयोग र सहभागिताबिना चुनावको परिकल्पना पनि असम्भव हुन्छ। म सबै दलहरूलाई विनम्र आग्रहका साथै दृढतापूर्वक भन्न चाहन्छु– मंसिर १० गतेभित्र अनिवार्य रूपमा निर्वाचन आयोगमा निर्वाचन प्रयोजनका लागि दल दर्ता गराउनुहोस्।'

दल दर्ता नगर्ने र बहिष्कार गर्नु कुनै पनि दलले लोकतन्त्रको रक्षाभन्दा अराजकता रोजेको ठहरिने पनि उनको भनाइ छ। 'समयसीमा केवल एउटा प्रशासनिक प्रक्रिया होइन, यो राष्ट्रप्रतिको तपाईंहरूको न्यूनतम राजनीतिक प्रतिबद्धताको कसीमा जाँच हो। दल दर्ता नगर्ने वा निर्वाचन बहिष्कार गर्ने कुनै पनि दलले लोकतन्त्रको रक्षाभन्दा अराजकता रोजेको ठहरिनेछ।'-उनले भनिन्।

'लोकतन्त्रमा विश्वास गर्ने कुनै पनि दलले जनमतबाट भाग्न सक्दैन,' प्रधानमन्त्रीले भनिन्-'निर्वाचन बहिष्कार वा दल दर्ताबाट पलायन अराजकतामै रूपान्तरित हुन्छ।'

प्रधानमन्त्री कार्कीले निर्वाचन आयोगमा मंसिर १० गतेभित्र सबै दलले अनिवार्य रूपमा दर्ता प्रक्रिया पूरा गर्नुपर्ने बताउँदै यसलाई 'राष्ट्रप्रतिको न्यूनतम राजनीतिक प्रतिबद्धता' को परीक्षा भएको उल्लेख गरिन्। दल दर्ताबाट पछि हट्ने दलले लोकतन्त्रभन्दा अराजकतालाई रोजेको ठहरिने सरकारले स्पष्ट गरेको छ।

हालका राजनीतिक बहसमा प्रयोग भएका उत्तेजनापूर्ण र द्वेषपूर्ण अभिव्यक्तिले वातावरण बिगारिरहेको उल्लेख गर्दै उनले आचारसंहिताको कडा कार्यान्वयन र 'हेट स्पीच' विरुद्ध तत्काल र सार्वजनिक कारबाही गर्न सरकार प्रतिबद्ध रहेको बताइन्।

प्रधानमन्त्रीले निर्वाचन खर्चमा देखिँदै आएको दुरुपयोग रोक्न २१ दिनभन्दा बढी प्रचार अवधि नदिइने व्यवस्था हुँदै गरेको जानकारी दिइन्। 'यो नेपाली करदाताको पैसा हो, दुरुपयोग सह्य छैन।'- उनले भनिन्।

युवा पुस्ताले उठाएको भ्रष्टाचार र कुशासनविरुद्धको आवाजलाई सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीले चुनावी कानुनमा संशोधनमार्फत् युवाको सहभागिता बढाउने तयारी भइरहेको बताइन्।

आन्दोलनका क्रममा भएका घटनाहरूको निष्पक्ष अनुसन्धान र दोषीमाथि कानुनी कारबाही सुनिश्चित गरिने उनको भनाइ थियो।

निर्वाचनलाई शान्तिपूर्ण र भयरहित बनाइने प्रतिबद्धता जनाउँदै प्रधानमन्त्रीले संवेदनशील जिल्लाहरूलाई 'हट-स्पट'का रूपमा पहिचान गरि अतिरिक्त सुरक्षा सतर्कता अपनाइएको जानकारी दिइन्।

भ्रष्टाचार नियन्त्रण, विकास परियोजनामा पारदर्शिता तथा सार्वजनिक सेवामा सुधारलाई सरकारले निरन्तर अग्रता दिएको उल्लेख गर्दै मेलम्ची, बञ्चरे डाँडा र राहदानी संकट समाधानमा भएका प्रगतिलाई उदाहरण स्वरूप प्रस्तुत गरिन्।

प्रधानमन्त्री कार्कीले सबै राजनीतिक दललाई राष्ट्रिय सहमतिमा उभिन, तोकिएको समयसीमाभित्र दल दर्ता गरी निर्वाचनलाई सफल बनाउन योगदान दिन आग्रह गरिन्।

'हामीले राजनीतिक अस्थिरतालाई निर्वाचनमार्फत् स्थायी निकास दिनैपर्छ। भावी पुस्ताले हाम्रो आजको निर्णयको मूल्यांकन गर्नेछ।'- प्रधानमन्त्री कार्की भनिन्।

## गुन्डाहरू सभामा आक्रमण गर्छन् : ओली



बुटवल। नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले बारामा आयोजित पार्टीको युवा भेलामा भएको आक्रमणलाई निन्दनीय भन्दै सरकारको भूमिकाप्रति कडा असन्तुष्टि जनाएका छन्।

बुधबार च्यासलस्थित पार्टी मुख्यालयमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले निर्वाचनका नाममा सरकारले बैठक बोलाइरहे पनि वास्तविक राजनीतिक वातावरण भने प्रतिकूल बन्दै गएको आरोप लगाए।

'सरकार निर्वाचन-निर्वाचन गर्छ, आज ४ बजेतिर निर्वाचनबारे छलफल गर्न बोलाएको छ,' ओलीले भने-'तर बारामा हाम्रो युवा भेलामा जेनजी हुँ भन्दै केही विद्वानहरू(गुन्डा भन्दा राम्रो नलाग्ला)ढुंगामुढा गर्दै आक्रमण गर्छन्, सभामै बिथोल्छन्। तिनलाई के भन्ने ?'

उनका अनुसार जनतामाझ जान, सभा गर्न र आफ्ना कार्यक्रम सञ्चालन गर्न पाउने अधिकारमा नै चोट पुऱ्याउने प्रयास भएको छ।

» *बाँकी ३ पेजमा*

## एनपिएल : सुदूरपश्चिमको विजयी सुरुआत



बुटवल। नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगितामा सुदूरपश्चिम रोयल्सले विजयी सुरुआत गरेको छ। सुदूरपश्चिमले काठमाडौं गोर्खाजलाई २९ रनले पराजित गऱ्यो।

जितका लागि पाएको १४८ रनको लक्ष्य पछ्याएको काठमाडौं १६ दशमलव ५ ओभरमा ११८ रनमा अलआउट भयो। काठमाडौंका आकाश त्रिपाठीले सर्वाधिक ३४, जोन सिम्पसोनले २४ रन जोडे पनि टोलीलाई जिताउन सकेनन्। सुदूरपश्चिमका लागि बलिङमा हर्मित सिंह, हेमन्त धामी र स्कट कुइगलेनले २/२ विकेट हात पारे।

यसअघि कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय रङ्गशालामा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको सुदूरपश्चिमले निर्धारित २० ओभरको समाप्तिमा सबै विकेट गुमाउँदै १४७ रनको योगफल बनाएको हो। सुदूपश्चिमका लागि हर्मित सिंहले सर्वाधिक ५३ रनको योगदान दिए। उनले २० बलमै २ चौका र ६ छक्काको सहयोगमामा अर्धसतक बनाए।

त्यसैगरी, कप्तान दीपेन्द्रसिंह ऐरीले ३० बलमा ३ चौका र १ छक्का प्रहार गर्दै ३९ रन बनाए। आसिफ शेखले २५ रन जोडे भने इसान पाण्डेले ११ रन जोड्दै आउट भए।

बलिङतर्फ काठमाडौंका करण केसीले सर्वाधिक ४ विकेट लिँदा सन्नी पटेल, मिलिन्द कुमार र रासिद खानले समान दुई/दुई विकेट लिए। जीतसँगै सुदूरपश्चिमले २ अङ्क जोडेको छ।

# लुम्बिनी महोत्सव सुरु



भैरहवा। रूपन्देहीको भैरहवामा बुधबारदेखि सातौं लुम्बिनी महोत्सव-२०८२ (उद्योग, व्यापार, कृषि तथा पर्यटन प्रवर्धन) सुरु भएको छ। चेम्बर अफ कमर्श, रुपन्देही (उद्योग व्यापार संगठन, रुपन्देही) को आयोजनामा सिद्धार्थनगर नगरपालिका-८ स्थित अञ्चलपुरमा महोत्सव सुरु भएको हो।

'स्थानीय बजारमा खरिद गरौं, स्थानीय बजारको प्रवर्धन गरौं, स्वदेशी वस्तुको प्रयोग गरौं, स्वाभिमानी नेपालीको पहिचान बनाऔं' भन्ने मूल नाराका साथ आयोजना गरिएको महोत्सव मंसिर २१ गतेसम्म सञ्चालन हुने चेम्बर अफ कमर्श, रुपन्देहीका अध्यक्ष तथा महोत्सव मूल आयोजक समितिका संयोजक सचिन रोक्काले बताए।

महोत्सवले उद्योगी-व्यवसायी र उपभोक्तालाई जोड्न पुलको काम गर्ने अध्यक्ष रोक्काले जनाए। उनले महोत्सवमा झण्डै ३ सय वटा स्टल रहेको जानकारी दिए। 'महोत्सव सञ्चालनका लागि अस्थायी संरचना निर्माणमा करोडौं रुपैयाँ खर्च हुने गरेको छ,' उनले भने-'भैरहवामा स्थायी मण्डप आवश्यक छ। महोत्सवलाई अझै परिमार्जन र परिस्कृत गर्दै अघि लैजानुपर्ने आवश्यकता छ।'

महोत्सवको बुधबार एक समारोहकाबिच लुम्बिनी प्रदेश सरकारका युवा तथा खेलकुद मन्त्री सन्तोषकुमार पाण्डेय र सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँले संयुक्त रुपमा उद्घाटन गरेका हुन्।

सो अवसरमा मन्त्री पाण्डेयले सरकारले गर्नुपर्ने काम निजी क्षेत्रले गरेको बताए। उनले अहिलेसम्म सबैभन्दा पीडित उद्योगी-व्यवसायी रहेको बताए। 'नेपाललाई पर्यटन क्षेत्रको माध्यमबाट नै आर्थिक समृद्धितर्फ लैजान सकिन्छ,' उनले भने-'नेपाललाई पर्यटनको देश प्रकृतिले नै बनाइदिएको छ। आर्थिक समृद्धिको आधार पर्यटन हो।' पर्यटकलाई सहज रुपमा भित्र्याउनुपर्नेमा उनले जोड दिए। ठाउँठाउँमा चेकिङका नाममा पर्यटकलाई दुःख दिन नहुने मन्त्री पाण्डेयको भनाइ छ।

उनले मेला महोत्सवका बेला मात्रै स्थायी मण्डपका कुरा नगर्न आग्रह गर्दै स्थानीय सरकारले जग्गाको खोजी गरे प्रदेश सरकारले मण्डप निर्माणका लागि बजेट बिनियोजन गर्ने प्रतिबद्धता व्यक्त गरे।

त्यस्तै संविधानसभा सदस्य तथा सिद्धार्थनगर नगरपालिकाका प्रमुख इश्तियाक अहमद खाँले सिद्धार्थनगर, रोहिणी, ओमसतिया, मायादेवी र सियारी मिलेर उप-महानगरपालिका/महानगरपालिका बनाउनुपर्ने बताए। उनले आर्थिक मन्दीको बेला पनि चेम्बर अफ कमर्श, रुपन्देहीले महोत्सवको आयोजना गर्ने हिम्मत गरेर अन्य उद्योगी-व्यवसायीलाई उर्जा प्रदान गरेको बताए। उनले वर्तमान सरकार सचेत भएर जनताको पक्षमा काम गर्नुपर्ने जनाए।

लुम्बिनी प्रदेशसभा सदस्य हेमा बेल्बासे (के.सी.) ले स्थानीय बजार प्रवर्धनका सामान स्थानीय बजारमा नै खरिद गर्नुपर्नेमा जोड दिए। उनले उद्योगी-व्यवसायीका मर्का बुझ्ने गरी सरकारले निर्णय गर्नुपर्ने बताए। स्थायी मण्डपका लागि आफूले पहल गर्ने उनले प्रतिबद्धता व्यक्त गरे।

सिद्धार्थनगर नगरपालिकाको उप-प्रमुख उमा अधिकारीले निजी क्षेत्र समस्यामा रहँदारहँदै पनि आँट र हिम्मतका साथ महोत्सव सञ्चालन गर्नु सराहनीय रहेको बताइन्। उनले भदौ २३ र २४ गतेको घटनाका कारण अर्थतन्त्रमा समस्या आएको बताइन्।

नेपाल चेम्बर अफ कमर्स, लुम्बिनी प्रदेशका अध्यक्ष टंक प्रसाद पोखरेलले हरेक आन्दोलनको पहिलो शिकार निजी क्षेत्र हुने गरेको बताए। उनले महोत्सवले सार्थक पहिचान दिनुपर्नेमा जोड दिए।

» *बाँकी ३ पेजमा*




२०८२ मंसिर ०४, गते बिहीबार
Thursday November 20, 2025

दैनिक लुम्बिनी

## सम्पादकीय

# कृषिमा बजेट कटौतीको असर

रूपन्देहीका अधिकांश पालिकाले कृषिमा न्यू बजेट विनियोजन गर्दै आएका छन् । उनीहरुले हरेक वर्ष बजेट घटाउँदै गएको देखिन्छ । पालिकाले कृषि क्षेत्रमा बजेट कटौती गर्दै जानुले पालिकाको प्राथमिकता कृषि होइन्, अन्यत्र हो भन्ने पुष्टि हुन्छ । कृषिको व्यवसायिक विकास गरी स्वरोजगार श्रृजना गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ, कृषिमा लगानी बढाएर उत्पादन बढाउन सक्दा विदेशिएका युवालाई स्वदेश फर्काउन सकिन्छ, तर स्थानीय तह कृषिको बजेट कटौती गरी अन्यत्र लगानी गर्न ध्यान दिनु चिन्ताजनक छ ।

सिद्धार्थ नगरनगरपालिकाले आर्थिक वर्ष २०८०।०८१ मा ९२ लाख रुपैयाँ विनियोजन गरेको थियो । आर्थिक वर्ष २०८२।०८३ मा आइपुग्दा ४५ लाख रुपैयाँमा झरेको छ । सम्मरीमाई गाउँपालिकाले आर्थिक वर्ष २०७९।०८० मा ६८ लाख ८० हजार विनियोजन गरेकोमा आब २०८०।०८१ मा ३५ लाख रुपैयाँमा झरेको छ । रोहिणी गाउँपालिकाले पनि कृषिको बजेटलाई अहिले २३ लाख ५० हजार रुपैयाँमा सीमित गरेको छ । यी केही उदाहरण हुन् । सबैजसो पालिकाको अवस्था उस्तै छ । कृषिका लागि उर्भर रूपन्देहीमा पालिकाको लगानी न्यून हुँदा कृषिमा नतिजा देखिन संभव छैन । कृषिमा लगानी बढाउनु भनेको उत्पादनमुखी अर्थतन्त्र विकासमा प्राथमिकता दिनु हो । कृषि उत्पादन बढ्दा ग्रामीण अर्थतन्त्र चलायमान हुन्छ । गाउँमै रोजगारी श्रृजना हुन्छ, ग्रामीण उद्यमशिलताको विकास हुन्छ । कृषिमा युवा आकर्षण बढ्छ । कृषिमा युवा आकर्षण बढ्दाको बहुआयामिक प्रभाव देखिन्छ । कृषि क्षेत्रमा लगानी बढ्दा हुने प्रभावको हेक्का नराख्नु स्थानीय तहको खेलाँची हो ।

नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरेको छ । कृषि क्षेत्र तहगत सरकारको साझा सूचीमा पर्छ । स्थानीय तहले विनियोजन गरेको बजेट हेर्दा कृषि प्रदेश र संघीय सरकारको जिम्मेवारी हो भन्ने देखाएको छ । प्रदेश र संघको मुख ताक्ने प्रवृत्तिले कृषि क्षेत्रमा उल्लेख्य प्रगति गर्न सकिंदैन् । पालिकाको प्राथमिकता पर्दा मात्रै प्रदेश र संघले चासो दिने हुन् ।

पालिकाले कृषिमा पालिका विशेष मोडल विकास गर्न सक्छन् । पालिकाको आफ्नै मोडल तयार गरी लगानी बढाउँदा कृषिमा आकर्षित गर्न सकिन्छ । अहिले उत्पादन लागत बढेर वर्षेनी कृषिबाट पलायन हुनेको संख्या बढिरहेको छ । कृषिमा टिकाउने मात्रै होइन्, नयाँलाई आकर्षित गर्न सक्दा मात्रै समृद्धिको यात्रा तय हुनसक्छ । विकास भनेको केवल सडक पूर्वाधार बनाउने मात्रै होइन् । सडक पूर्वाधार राम्रो हुनु अनिवार्य छ । पूर्वाधार विकासले नागरिकको जीवन सहज बनाउँछ । कृषिमा लगानी बढाउन र उत्पादन बढाउन प्राथमिकता हुँदा उत्पादनमुखी अर्थतन्त्रको विकास भइ ग्रामीण अर्थतन्त्र चलायमान हुन्छ । ग्रामीण अर्थतन्त्र चलायमान हुँदा शहर पसेकाहरु गाउँ फर्किने वातावरण बन्छ ।

# सत्ता निरीहता र समाज विखण्डनका प्रयासहरू



युवराज घिमिरे

के त्यो गुम्बाहरूमार्फत् भएका गतिविधि हुन् ? यो गहन छानबिनको विषय बन्नुपर्छ । आठौं शताब्दीमा आदि शंकराचार्यको नेतृत्वमा हिन्दु पुनःस्थापनाका क्रममा थुप्रै बुद्ध भिक्षुहरूको हत्या भयो, छिमेकी मुलुकहरुमा । तर, नेपालमा हिन्दु-बौद्ध आत्मीयता, धार्मिक सद्भाव र एकअर्काका मान्यता र धार्मिक आस्थालाई नेपाली समाजले अपनायो । निरन्तरता दियो । नेपाली सद्भावको संस्कृति थियो त्यो ।

नेपाली राजनीतिलाई र वास्तवमा समाजलाई तीन अत्यन्त नकारात्मक प्रवृत्तिहरूले समानान्तर रुपमा गाँजेका छन्। राजनीतिक नेतृत्व तहको भ्रष्टाचारले प्रशासनयन्त्रलाई थप भ्रष्ट बन्न प्रेरित गरेको छ । शासन जनविरोधी बनेको छ र ऊ उत्तरदायी या जवाफदेहीविहीन छ । लोकतन्त्रका नाममा अभ्यास भइरहेका यी प्रवृत्तिले राज्य र शासकप्रति जनताको विश्वास गुमेको छ । योसँगै राज्यको आधिकारिकता सत्तामा रहेका नेताहरूले बिना जवाफदेहिता उपभोग गरिरहेका छन् ।

भ्रष्टाचारमा पारदर्शी रुपमा विगत १९ वर्षयताका मुख्य पार्टीका प्रमुखहरू लिप्त रहे र त्यसको छानबिनबाट उन्मुक्तिलाई निरन्तरता दिँदै उनीहरूले नवशासकीय संस्कृति या संस्कारका रुपमा संस्थागत गरेका छन् । यी प्रवृत्तिलाई समूल नष्ट नगरी राजनीतिले विश्वसनीयता हासिल गर्न सक्ने छैन ।

त्यस अर्थमा भ्रष्टाचारको विरोध गर्दा ज्यान गुमाएका ७८ जनाको रगतको मूल्य तत्कालीन प्रधानमन्त्री केपी ओलीको राजीनामाले मात्र चुकाउन सक्दैन । भदौ २३ र २४ को हत्या र भ्रष्टाचारबारे उच्चस्तरीय छानबिन तथा आवश्यक कारबाही गर्न सुशीला कार्की सरकार चुकेमा या ढिलाइ गरेमा त्यसले यो सरकारको सान्दर्भिकतालाई समाप्त गर्ने मात्र हैन, 'जेन-जी पुस्ता' को रगतको अवमूल्यन गर्नेछ ।

कार्कीका चुनौती कठिन छन् । एकातिर नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी-एकीकृत मार्क्सवादी लेनिनवादी दुवैका नेतृत्व आम नरसंहारका लागि क्षमायाचना या आत्मालोचना नगरीकनै आफूले भोगचलन गर्दै आएको उन्मुक्तिको निरन्तरताका लागि प्रयासरत छन् भने अर्कोतिर ओली र रमेश लेखकलगायतको विरुद्ध 'जेन-जी' प्रतिनिधिले दायर गरेका मामिलामा सरकार या समर्थित निकायहरू कसरी अघि बढ्लान्, स्पष्ट संकेत देखिएको छैन । सत्तामा बस्नकै लागि सबै कुरामा सम्झौता गर्ने विकल्प कार्कीसँग छैन ।

जेन-जी आन्दोलनले दोस्रो महिना पूरा गरेको छ । त्यसले जन्माएको सरकारको कामलाई सन्तोषजनक मान्ने आधार देखिन सकेको छैन । सामान्यतयाः सरकारका पहिला केही महिनालाई 'हनिमुन' काल मानिने गरिए पनि असामान्य तरिकाले ६ महिनाको आयु लिएर आएकी सुशिला कार्कीलाई 'हनिमुन पिरियड' उपलब्ध नहुनु स्वभाविकै हो । अहिलेका राजनीतिक बेथिति कार्की सरकारको 'देन' हैन । तर, मुलुकमा न्यूनतम सुरक्षाको प्रत्याभूति नहुनु, एउटा प्रान्त प्रशासनद्वारा संविधानवादका न्यूनतम परम्परा तोड्दै एकाबिहानै एमाले कार्यकर्ताका रुपमा एउटा होटलमा आफ्नो मान्छेलाई मधेस प्रदेश प्रमुखले मुख्यमन्त्रीको शपथ दिलाउनु र उत्ता प्रदेश सभामा सभामुखको जघन्य अपराधले आसन बिटुलिनु राष्ट्र र प्रजातन्त्रका लागि सुखद संकेत हैनन् । वास्तवमा कथित राजनीतिक पद्धति छिन्नभिन्न भएको संकेत हो यो ।

डा.अम्बेडकर, महात्मा बुद्ध, गान्धी, नेल्सन मन्डेला र मार्टिन लुथर किङ जुनियरको अनुयायी भएको दाबी गर्ने एउटा 'नेता' प्रदेशलाई स्वायत्त घोषणा गर्न आह्वान गर्छ, अनि राज्य निरीह देखिन्छ । माथि उल्लेखित राजनेताका मान्यता र मूल्यविपरीत आफ्नो मुलुक र फरक जाति या मान्यताप्रति घृणाको बिष ओकल्ने व्यक्ति त्यसको जवाफदेहिता नलिन या यी अराजकता ढाक्न ऊ राज्य विखण्डनमा लाग्छ। शासनको नजिक छँदा नातावाद र कृपावादको संरक्षक बन्छ र ऊ आफूलाई क्रान्तिकारी देखाउने प्रयास गर्छ । अहिले पनि उसलाई जवाफदेही बनाउने प्रयास नहुनु या जनता र सत्ता चुपलाग्नु सामान्य अवस्था हैन मुलुकको ।

अहिले संघीयताबारे पक्ष र विपक्षमा प्रश्न उठिरहेको छ । कुनै समय 'आत्मनिर्णय'को अधिकारको वकालत गर्ने बाबुराम भट्टराई आफ्नो राजनीतिको सम्भावित अन्त्यको प्रतीक्षामा छन्। सिके राउतको 'वैज्ञानिक विद्धता'बाट मुलुकले केही पाएन, तर राजनीतिक अभिशाप बनेर संघीयता मुलुकको अखण्डताविरुद्ध छ भन्ने उदाहरण उनी बनेका छन् । यद्यपि उनी एक्ला व्यक्ति होइनन् त्यस्ता । प्रधानमन्त्रीका रुपमा ओली सबै प्रान्तीय सभामा सम्बोधन गर्दै छिरेका थिए, एउटा हास्यास्पद परम्परा सुरु गरेर । सुमित्रा भण्डारीलाई प्रयोग गरेर संघीयताको उनको बुझाइ र नियत थप प्रष्ट पारे उनले गुण्डु 'स्वशासित' थलोबाट । प्रधानमन्त्री भइसकेका व्यक्ति 'निजी सेना'का आडमा मुलुकमा 'बाइसी राज्य' निर्माणमा लागिपरेका छन् । यो कस्तो अग्रगमन ?

एमाले र पछिल्लो सत्तामा उसको गठबन्धन सहयोगी नेपाली कांग्रेस किंकर्तव्यविमुढ बनेको छ । राष्ट्रिय राजनीतिमा यो तहको निराशा र पतन सायद यसअघि पहिले देखिएको थिएन । जब राजनीति पतनउन्मुख हुन्छ, सत्ता सबै ठूला समस्याप्रति उदासीन रहन्छ, समस्याका श्रृंखला र आयतन बढ्न थाल्छन् । त्यो देखिन थालेको छ । सामाजिक सद्भावका लागि विश्वमा चिनिएको नेपालमा अहिले केही राजनीतिज्ञ र सञ्चारमा फेरि गुम्बाहरू हतियार संग्रह र हिंसाका अखडा बनेका दाबी आइरहेका छन् । 'बुद्ध नेपालमा जन्मिएका हुन्' भनेर नथाक्ने नेपालीहरूको दिमागमा वुद्धको सन्देश र शिक्षा प्रवाह गर्ने गुम्बाहरू र समाजबिच के सम्बन्ध हुन्छ, त्यो बुझ्न जरूरी छ । 'फ्री-तिब्बत' सक्रियतामा गुम्बाहरू संलग्न छन् या एनजिओहरू ? त्यसको विवेचना र छानबिन आवश्यक छ ।

नेपालमा करिब पाँच हजार गुम्बाहरु छन्, सामुदायिक संस्थागतलगायत । उनीहरूका लागि समाज कल्याण परिषद या सिडिओ कार्यालय, स्थानीय निकायमा दर्ता हुनु जरुरी छ ।

उनीहरूका गतिविधि या कार्यक्रमहरू ती निकायबाट अनुमोदित हुने गर्छन् । तिब्बती गुम्बाहरूका हकमा दलाई लामा नेपाल हुँदै भारत निर्वासन गएको झन्डै सात दशक हुन लागेको छ । तर, यताका सत्ताका केही विकृतिबाहेक नेपालले तिब्बतलाई सधैँ चीनको स्वशासित क्षेत्र र ताइवानको सन्दर्भमा एक चीन नीतिमार्फत चीनलाई आश्वस्त पार्दै आएको छ । २०६३ यता भारतको मध्यस्थतामा १२- बुँदे सहमतिपछि नेपालको राजनीतिमा दक्षिण छिमेकीले 'गणतन्त्र र धर्म निरपेक्षता' का नाममा पश्चिमा मुलुकहरूलाई नेपाल छिरायो । आन्तरिक राजनीतिमा उनीहरूको प्रवेशले नयाँ खतरा उत्पन्न गरेको तथ्यलाई नेपालका 'अग्रगामी' शक्तिले बुझ्न चाहेनन् । प्रतिक्रियामा चीन अभूतपूर्व आकारमा नेपाल छिर्‍यो । र, अहिले ऊ उनीहरूसँग प्रतिस्पर्धामा छ, नेपालमा ।

'जेनजी' आन्दोलनका क्रममा भएका हिंसामा उत्रेको 'ब्लड अफ टिबेट' बारे सरकारले अझै छानबिन प्रतिवेदन सार्वजनिक गरेको छैन । के त्यो गुम्बाहरूमार्फत् भएका गतिविधि हुन् ? यो गहन छानबिनको विषय बन्नुपर्छ । आठौं शताब्दीमा आदि शंकराचार्यको नेतृत्वमा हिन्दु पुनःस्थापनाका क्रममा थुप्रै बुद्ध भिक्षुहरूको हत्या भयो, छिमेकी मुलुकहरुमा । तर, नेपालमा हिन्दु-वौद्ध आत्मीयता, धार्मिक सद्भाव र एकअर्काका मान्यता र धार्मिक आस्थालाई नेपाली समाजले अपनायो । निरन्तरता दियो । नेपाली सद्भावको संस्कृति थियो त्यो । अहिले पनि केही विद्वान र प्रभावशाली तिब्बती 'गुरुहरू' ले नेपालमा आफ्ना शिष्य र जिज्ञासुहरूलाई वुद्ध दर्शन र धर्मबारे शिक्षा दिइरहेका छन्। हिन्दु र बुद्ध धर्मबिचको यो आत्मीयता र प्रगाढतालाई टुक्र्याउने खेल त भइरहेको छैन, अहिले सामाजिक समरसता दूषित भइरहेको बेला ?

अर्को, बुद्धमार्गीहरुलाई समग्र रुपमा, नेपालको विदेश नीति र तिब्बतीहरू अपेक्षित आचरणविरुद्ध गएको सन्देश कुन हदसम्म सत्य हो ? या दूराशाययुक्त प्रचार हो ? वास्तवमा यो गुम्बाहरूका लागि पनि चासोको विषय बन्नुपर्छ र निष्पक्ष र गहन छानबिनका लागि उनीहरूले सरकारलाई निम्त्याउनुपर्छ । नत्र यसले आन्तरिक र बाह्य रुपमा मुलुकका लागि प्रतिकूल परिस्थिति निर्माण गर्नेछ । तराईमा केही नेताहरुका गतिविधि, जेन-जीकै एक-दुई प्रतिनिधिबाट जातीय राज्यको वकालत र बौद्धमार्गी र गुम्बाहरूलाई निशाना बनाई आएका अभिव्यक्तिमा एक किसिमको समान षड्यन्त्रले काम गरेको देखिन्छ। त्यसैले यो विषम परिस्थितिमा गुम्बाहरू स्वयंले सरकारलाई चित्तबुझ्दो छानबिनका लागि आह्वान गर्नु उपयुक्त देखिन्छ । यसबारे सरकार र विभिन्न राजनीतिक समूह सचेत र संवेदनशील बन्नु जरुरी छ ।

नेपाली कांग्रेस र एमालेजस्तै माओवादी नेतृत्वले पनि चुनावका लागि जनतासमक्ष जाने योग्यता र साहस गुमाएको देखिन्छ । तर, आफ्नो गुमेको हैसियत बचाउन ओली-देउवा सँगै उभिँदै छन् । ओलीले प्रतिस्थापित गरेको 'म सर्वोच्चवाद' ले उनलाई पतनमा पुर्‍याएको छ । एक व्यक्तिको पतनले राष्ट्रलाई क्षति नपुर्‍याउला, तर समाज विखण्डनमा व्यक्तिहरूले योगदान पुर्‍याउन सक्छन् । त्यसैले मुलुकले निर्णय लिनेबेला आएको छ । विखण्डनको सोच र राजनीतिमा लागेका नेताहरूलाई निर्णायक रुपमा पराजित गर्ने कि उनीहरुलाई नै अब पनि मुलुकको भाग्य सुम्पिने ? यो प्रश्न हो । नेपालीहरूको आशा र उनीहरू स्वयंले सार्वजनिक रुपमा व्यक्त गरेको प्रतिबद्धताविरुद्ध निर्लज्ज र जवाफदेहीविहीन रुपमा प्रस्तुत भएका यी नेताहरूले सार्वजनिक जीवनमा रहने अधिकार गुमाएको तथ्यलाई सम्बन्धित नेताहरुका पार्टी सदस्यहरु स्वयंले स्वीकार्नु र कार्यान्वयन गर्नु आवश्यक छ ।

मुलुक यो परिस्थितिमा रहँदा 'काम चलाउ' सरकारको दायित्व फागुन २१ मा चुनाव गर्नु मात्र हो भनेर मान्न सकिन्न। विखण्डनकारी शक्तिलाई दण्डित गर्नु, भ्रष्टाचारमा प्रभावकारी छानबिन गर्नु र पटक-पटक बलात्कृत संविधानको अवशान भएको तथ्यलाई स्वीकार गरी संवैधानिक रिक्तता आउन नदिने प्रयास पनि यो सरकारले गर्नु आवश्यक छ। कार्कीको नेतृत्वमा आगमन नै संविधानको मृत्युको स्वीकारोक्ति हो, राष्ट्रपति स्वयंले समेत । दिवंगत संविधानको अत्येष्टि दलहरूको दायित्व हो । यसअघि असल नियत, विवेकशील र संविधान, कानुन र राष्ट्रियता तथा प्रजातन्त्रबीचको संवेदनशील अन्तरसम्बन्ध तथा सन्तुलनलाई बुझेका व्यक्तित्वद्वारा निर्मित र व्यापक रुपमा अनुमोदित ०४७ को संविधानलाई अन्तरिम संविधान स्वीकार गरी राजनीतिक समझदारी तथा राष्ट्रहितमा आवश्यक परिमार्जन खोज्न बुद्धिमानी हुनेछ । विगत १९ वर्षमा आफूद्वारा भए गरिएका कमी कमजोरीलाई सम्बोधन गर्ने यी उत्कृष्ट र प्रभावकारी कदम सावित हुनेछ ।

तर, त्यसलाई रोक्न विगत १९ वर्षकै परम्पराअनुरुप अमूक व्यक्तिलाई कार्कीका विकल्पका रुपमा अघि बढाउने, तर केका लागि स्पष्ट नहुने 'अग्रगामी' नेपाली राजनीतिको रोगले निरन्तरता पाउनु हुँदैन । शीर्ष नेताहरूलाई भ्रष्टाचारमा छानबिनबाट बचाउन 'वैकल्पिक' प्रधानमन्त्रीको खोजी 'जेनजी' झस्काउने अर्को कार्य हुनेछ । दलहरूको भूमिका आवश्यक छ, तर उनका नेताहरूलाई उन्मुक्तिको निरन्तरताको सर्तमा हैन ।

देश सञ्चारबाट

# नेप्से परिसूचक ४.९८ अंकले घट्यो



काठमाडौं । बुधबार सेयर बजारको परिसूचक नेप्से मंगलबारको तुलनामा ४.९८ अंक घटेको छ । अघिल्लो दिन १५ अंक बढेको थियो ।

नेप्से परिसूचक २५६१ अंकमा झरेको छ । कारोबार रकम पनि घटेको छ । मंगलबार ४ अर्ब १० करोडको कारोबार भएकोमा बुधबार ३ अर्ब ७७ करोडको भयो । ७७ कम्पनीको मूल्य बढ्दा १७० को घट्यो भने ९ को स्थिर रह्यो । होटल तथा पर्यटन समूह सबैभन्दा धेरै १.१६ प्रतिशत बढेको छ । त्यस्तै उत्पादन तथा प्रशोधन ०.४२ र व्यापार ०.३२ प्रतिशत बढे ।

विकास बैंक समूह सबैभन्दा धेरै १.०९ प्रतिशत घट्यो । बैंकिङ ०.१६, फाइनान्स ०.६८, हाइड्रोपावर ०.१४, लगानी ०.४४, जीवन बिमा ०.५३, माइक्रोफाइनान्स ०.०८, निर्जीवन बिमा ०.५७ तथा अन्य समूह ०.४७ प्रतिशत घटे ।

समग्र बजारको परिसूचक घट्दा पनि ८ कम्पनीको मूल्य १० प्रतिशत बढेको छ । १० प्रतिशत बढेका कम्पनीमा माबिलुङ इनर्जी, दरमखोला हाइड्रो इनर्जी, सागर डिस्टिलरी, हिमस्टार ऊर्जा, बुंगल हाइड्रोपावर, सान्भी इनर्जी, बन्दीपुर केबुलकार र झापा इनर्जी छन् । यी सबै हालै सूचीकृत नयाँ कम्पनी हुन् । आईपीओ सूचीकृत भएपछि केही समय त्यस्ता कम्पनीको मूल्य उचालिने गरेको छ । त्यस्तै स्वस्तिक लघुवित्तको ८.१८ तथा पियोर इनर्जीको मूल्य ६.९३ प्रतिशत बढेको छ । कर्पोरेट डेभलपमेन्ट बैंकको मूल्य सबैभन्दा धेरै ६.०३ प्रतिशत घट्यो । पिपुल्स हाइड्रोपावरको मूल्य ३.५८, ग्रिन डेभलपमेन्ट बैंकको ३.५१ तथा पिपुल्स पावरको ३.१८ प्रतिशत घट्यो ।

धेरै कारोबार भएका पाँच कम्पनीमा बरुण हाइड्रोपावर, साहस ऊर्जा, राधि विद्युत्, युनियन हाइड्रोपावर र सिनर्जी पावर छन् ।

# गिजाबाट रगत आउने ५ कारण र रोकथामका ६ उपाय

सम्वृद्धि गजमेर

सामान्यत दाँतको वरपरको मासुलाई गिजा भनिन्छ । आझभोलि गिजाबाट रगत आउने समस्या धेरै नै देखिएको छ ।

२०२२ मा गरिएको नर्वे अनुसन्धानका अनुसार ३० वर्षभित्रका मनिषहरुमा ५ मध्ये ४ लाई गिजाबाट रगत आउने समस्या देखिएको छ ।

**किन आउँछ गिजाबाट रगत ?**

**१.नियमित दाँत सफा नगर्नु**

हाम्रो मुखमा धेरै किसिमका जीवाणु हुन्छन् । जसमध्ये प्रोफाइनोमस इन्डोडेन्टल्स, ट्रेपोनेमा डेन्टिकोला र फ्रेटिब्याक्टेरियम एसपीपीहरू गिजासम्बन्धी रोगमा धेरै पाइएको छ ।

दाँत सफा नगर्दा यस्ता जीवाणुहरु सक्रिय हुने गर्छन् । जसले गर्दा गिजा सुन्निने गर्छ र रगत आउने समस्या देखिन्छ ।

**२. कडा ब्रस र धेरै बलको प्रयोग**

हामीले ब्रस त गर्छौं, तर कस्तो ब्रस प्रयोग गर्नुपर्छ ख्याल गर्दैनौं ।

गिजाको छाला पातलो हुने भएकोले कडा ब्रस र धेरै बल प्रयोग गर्दा गिजाको छालामा घाउ हुने र रगत आउने समस्या देखिन सक्छ ।

**३. आहारमा भिटामिनको कमी**

हामीले खाने आहारमा सही मात्रामा भिटामिन नपुग्दा यसको कमीले आउने गिजासम्बन्धी समस्या निम्तिने गर्छ ।

**४. वंशाणुगत रोग**

शरीरमा हुने वंशाणुगत रोग जस्तै हेमोफिलिया , वन विलब्रान्ड डिजिज दिले पनि गिजाबाट रगत आउने समस्या निम्ताउन सक्छ ।

**५. नियमित औषधि सेवन**

मुटुका बिरामीलाई रगत पातलो गराउन प्रयोग हुने औषधि सेवनले गर्दा गिजाबाट रगत आउने समस्या देखिन सक्छ ।

**रोकथामका उपाय**

**१. मौखिक स्वास्थ्यमा ध्यान**

स्वस्थ मुख, स्वस्थ शरीर । त्यसैले खाना खाएपछि नियमित ब्रस गर्ने बनि बसाल्नुपर्छ ।

दुई दाँतको बिचको फोर सफा गर्न डेन्टल फ्लसको प्रयोग गर्नुपर्छ ।

**२.नरम ब्रस र सही मात्रामा बल प्रयोग**

ब्रस गर्दा नरम ब्रस प्रयोग गर्ने गर्नुपर्छ । ब्रसको माथिल्लो भागलाई ब्रसिङ सरफेस भनिन्छ । ब्रस गर्दा यो भाग आधि दाँत र आधि गिजामा पर्ने गरेर राख्नु पर्छ । ब्रस गर्ने भन्दैमा धेरै बल र समय नलगाउने ।

**३. गिजाको मसाज**

धेरैलाई गिजाको मसाजबारे थान नहुन सक्छ । ब्रस गरेपछि सफा औंलाले गिजालाई मसाज गर्न सकिन्छ । यसोगर्दा गिजामा रगत को प्रवाह बढ्छ र रगत आउने समस्या कम हुँदै जान्छ ।

**४. भिटामिनको प्रयोग**

भिटामिन सि र के बढी मात्रामा पाइने खाने कुराहरुको सेवन गर्ने ।

**५. डेन्टल चेकअप**

६ महिनामा एकचोटी आफ्नो दाँत सफा गर्न डेन्टल भिजिट गर्ने ।

**६. चिकित्सकको सलाह**

शरीरमा कुनै वंशाणुगत रोग भए/नभएको, आफूले खाने औषधिले गर्दा गिजाबाट रगत आएको बारे जानकारी लिन चिकित्सकलाई देखाउनुपर्छ ।

स्वास्थ्य खबरबाट



**नाङलो किनबेच गर्दै:**
म्याग्दीको बेनी नगरपालिका-९ गलेश्वरमा बुधबार नाङलो किनबेच गर्दै उद्यमी र ग्राहकहरु। गलेश्वरको बालाचर्तुदर्शी मेलामा सतबिज छर्ने, पूजाआजाका साथै घरायसी वस्तुको किनमेल गर्नेको भीड लाग्ने गर्छ। तस्विरः सन्तोष गौतम/रासस

# राजस्व कार्यालय तुलसीपुरद्वारा ७२ करोडभन्दा बढी राजस्व संकलन




दाङ। आन्तरिक राजस्व कार्यालय तुलसीपुरले चालु आर्थिक वर्षको चार महिनामा रु ७२ करोड १६ लाख ३७ हजार राजस्व सङ्कलन गरेको छ। कार्यालयले साउनदेखि कात्तिक मसान्तसम्ममा रु ८९ करोड ९१ लाख ६१ हजार राजस्व सङ्कलनको लक्ष्य रहेकामा रु ७२ करोड १६ लाख ३७ हजार सङ्कलन गरेको हो।

कार्यालयका कर अधिकृत उपेन्द्र पुन मगरका अनुसार राजस्व सङ्कलन लक्ष्यको तुलनामा ८० दशमलव २५ प्रतिशत सङ्कलन भएको हो। गत वर्षको सोही अवधिमा कार्यालयले रु ७० करोड ३८ लाख ५८ हजार राजस्व सङ्कलन गरेको थियो।

यस वर्षको चार महिनामा लक्ष्यअनुसार राजस्व सङ्कलन हुन नसक्नुमा आयकरतर्फ उल्लेख्य संख्यामा करदाताबाट विवरण पेस गर्न बाँकी हुनु, जेनजी आन्दोलनका कारण कार्यालयमा क्षति भएपछि सेवा प्रभावित हुनु, मालपोत कार्यालयमा पनि क्षति भई पुँजीगत लाभकरमा उल्लेख्य कमी आउनुलगायत कारण रहेका प्रमुख कर अधिकृत श्रीधर टण्डनले जानकारी दिए।

उनका अनुसार पुँजीगत खर्चमा आएको न्यूनतम, ब्याजदर घट्न गई ब्याज कर घट्नु, आन्दोलनबाट यस कार्यालयमा क्षति पुगेपछि सेवाको पुनःस्थापना तथा कार्यालय व्यवस्थापनमा केन्द्रित हुनुपरेकाले राजस्व सङ्कलनसम्बन्धी प्रवर्द्धनात्मक तथा निरोधात्मक क्रियाकलापमा तीव्रता दिन नसकिनुलगायत कारण रहेका छन्।

गत आव २०८१/८२ मा रु तीन अर्ब १४ करोड ८६ लाख राजस्व सङ्कलनको लक्ष्य रहेकामा रु दुई अर्ब ९४ करोड २४ लाख सङ्कलन भएको कार्यालयले जनाएको छ। यो आव २०८०/८१ को तुलनामा रु ५४ करोड ६० लाख बढी हो।

चालु आवको बाँकी अवधिमा सरोकार भएका निकायसँग समन्वय गरी प्रभावकारी करदाता शिक्षामार्फत स्वेच्छिक कर सहभागिता अभिवृद्धि, आर्थिक ऐन, २०८२ ले प्रदान गरेका छुट सुविधाको प्रचारप्रसार, राजस्व चुहावट तथा कर छलीको नियन्त्रण, बक्यौता कर असुलीलगायत क्रियाकलापलाई जोड दिँदै कार्यालयको वार्षिक राजस्व सङ्कलनको लक्ष्य हासिल गर्न प्रतिबद्ध रहेको प्रमुख कर अधिकृत टण्डनले जानकारी दिए।

त्यस्तै आर्थिक ऐन, २०८२ ले गत चैत मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण तथा कर बुझाउन बाँकी करदाता, अन्तःशुल्क विवरण तथा अन्तशुल्क बुझाउन बाँकी करदाता, संस्थादर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका सामुदायिक अस्पताल वा स्वास्थ्य संस्था वा यातायातसम्बद्ध सङ्घसंस्थालाई कर कार्यालयबाट गत जेठ १५ गतेभन्दा अघि कर निर्धारण भई बक्यौता रहेका करदाता, आय विवरण पेस नगरेको अवस्थामा कर कार्यालयबाट कर निर्धारण गरिएका करदातालगायतलाई लक्षित गरी विभिन्न छुट सुविधा घोषणा गरेको उनले बताए। उनका अनुसार सोसम्बन्धी सूचना कार्यालयले विभिन्न सञ्चारमाध्यमबाट प्रचारप्रसार गरिरहेको छ।

उक्त छुट सुविधा उपलब्ध हुने अवधि आगामी पुस मसान्तसम्म मात्र भएकाले उल्लिखित मापदण्डभित्र पर्ने करदाताले यथाशीघ्र उक्त सुविधा लिनुहुन कार्यालयका प्रमुख प्रमुख कर अधिकृत टण्डनले अनुरोध गरे। उक्त छुट सुविधाका सम्बन्धमा आफ्ना सदस्यलाई जानकारी गराइदिनुहुन जिल्लामा क्रियाशील उद्योग वाणिज्य सङ्घ, चेम्बर अफ कमर्सलगायत सरोकार भएका निकायलाई आग्रह गर्दै उनले आवश्यक प्रचारप्रसार गरिदिएर समन्वय गर्न सञ्चारमाध्यम तथा सञ्चारकर्मीमा अनुरोध गरे।

यहाँबाट प्रदान गरिने सेवालाई सरल, सहज, गुणस्तरीय र सेवाग्राहीमैत्री बनाउन कार्यालय क्रियाशील रहेको टण्डनले बताए। कर भुक्तानी, कर विवरण दाखिला, करचुक्ता प्रमाणपत्र, विवरण अद्यावधिकलगायत सेवाहरू अनलाइन प्रणालीमार्फत प्राप्त गर्न सकिने व्यवस्था कार्यान्वयनमा रहेको उनले जानकारी दिए।

प्रमुख कर अधिकृत टण्डनका अनुसार सेवा लिन आउने सेवाग्राहीलाई सहजीकरण तथा न्यूनतम शुल्कमा फाराम भरिदिने व्यवस्थाका लागि तुलसीपुर उद्योग वाणिज्य सङ्घबाट कार्यालयसँगको सहकार्यमा करदाता सहायता कक्ष सञ्चालन गरिएको छ।

"राजस्व बुझ्नका लागि कार्यालयमा ग्लोबल आइएमइ बैंकको बैंक काउण्टर सञ्चालनमा छ। कार्यालय तथा कार्यालयको सेवा प्रवाहका सम्बन्धमा जानकारी दिन सूचना अधिकारी तथा यथोचित गुनासो सम्बोधनका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ।"-उनले भने।

लुम्बिनी प्रदेशअन्तर्गत दाङ, पूर्वी रुकुम, रोल्पा, प्युठानमा व्यावसायिक स्थायी लेखा नम्बर लिएका ४३ हजार ३९, व्यक्तिगत लेखा नम्बर लिएका एक लाख २४ हजार ६९८ र संस्थागत स्थायी नम्बर लिएका ७६६ करदाता रहेका कर अधिकृत पुनले जानकारी दिए।

जेनजी आन्दोलनका कारण कार्यालयका तीनवटै भवन, सवारीसाधन जलेर नष्ट भएपछि केही दिन सेवा अवरुद्ध भएको थियो। केही दिनपछि तुलसीपुर उद्योग वाणिज्य सङ्घको कार्यकक्षबाट सेवा सञ्चालन ग्रिएकामा हाल श्री त्रिसिद्देश्वरी मन्दिर तुलसीपुरको धर्मशाला भाडा लिएर त्यहाँबाट सेवा प्रवाह भइरहेको छ।

# चार महिनामा ३८६ जनामा स्क्रब टाइफस




चितवन। जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये ३८६ जनामा स्क्रब टाइफसको सङ्क्रमण देखिएको छ। यही मङ्गलबारसम्म यहाँका अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये पाँच हजार ४५३ जनाको नमूना परीक्षणका क्रममा उनीहरूमा यो रोगको सङ्क्रमण देखिएको हो।

जनस्वास्थ्य कार्यालय चितवनका किट नियन्त्रक राम केसीका अनुसार सङ्क्रमितमध्ये २९० जना चितवनका हुन भने ९६ जना चितवन बाहिरका रहेका छन्। चितवनका १९५ जना महिला र ९५ जना पुरुषमा यो रोगको सङ्क्रमण देखिएको हो। साउनयता अस्पतालमा उपचारका लागि आएकामध्ये यो रोगको सङ्क्रमण जिल्ला बाहिरका २४ जना पुरुष र ७२ जना महिलामा देखिएको छ।

सङ्क्रमितमध्ये सबैभन्दा धेरै रत्ननगर नगरपालिकाका रहेका छन्। यस पालिकामा १०८ जनामा स्क्रब टाइफस देखिएको हो। यस्तै, खैरहनी नगरपालिकामा ६८ जना, राप्ती नगरपालिकामा ३७ जना, कालिका नगरपालिकामा ३६ जना, भरतपुर महानगरपालिकामा २९ जना, माडी नगरपालिकामा पाँच जना र इच्छाकामना गाउँपालिकामा सात जनामा यो रोग देखिएको कार्यालयले जनाएको छ।

स्क्रब टाइफस रोग मुसाको कानमा वा अन्य जीवजन्तुमा हुने सङ्क्रमित किर्नाले मानिसलाई टोकेपछि सर्ने गर्दछ। स्क्रब टाइफसमा मानिसलाई उच्च ज्वरो आउने, आँखा रातो हुनु, खोकी, वान्ता, पेट दुखाइ र पखालाले सताउनु, श्वास फेर्ने समस्या हुनु धेरै टाउको दुख्नु जोर्नी र मांसपेशी दुख्नु, बिमिरा देखिनु, टोकेको ठाउँमा कहिलेकाहीँ कालो दागजस्ता लक्षण देखिने गरेको उनले बताए।

यस रोगबाट बच्न खेत, झाडी वा वनजङ्गलमा जाँदा लामो बाहुला भएको कपडा र उपयुक्त जुत्ता लगाउने र शरीरको खुला भागमा कीटनाशक मलमको प्रयोग गर्ने, घर वरिपरिका खेताबारीमा घाँस धेरै बढ्न नदिने र वातावरण सफा राख्ने, मुसा नियन्त्रणका लागि उपयुक्त किसिमको अन्न भण्डारण गर्नुपर्ने केसीले बताए।

## एमसीसी नेपाल कम्प्याक्ट :
# ५० मिलियन अमेरिकी डलर थप सहयोग सुनिश्चित

बुटवल। नेपाल सरकार र संयुक्त राज्य अमेरिकी सरकारको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) ले एमसिसी नेपाल सम्झौतामा अमेरिकाले पाँच करोड अमेरिकी डलर (करिब सात अर्ब रुपैयाँ) को अनुदान रकम थप गर्ने घोषणा गरेका छन्।

यससँगै उक्त सम्झौताअन्तर्गत उपलब्ध कूल रकम ७४ करोड ७० लाख अमेरिकी डलर (करिब एक खर्ब छ अर्ब रुपैयाँ) पुगेको छ, जसमा अमेरिकाको ५५ करोड डलर र नेपाल सरकारको १९ करोड ७० लाख डलर रहने छ।

यो थप स्रोतले प्राथमिकता प्राप्त विद्युत् प्रसारण पूर्वाधारलाई पूर्ण बनाउने, नेपालको ऊर्जा प्रणालीको सुदृढीकरण गर्ने र क्षेत्रीय ऊर्जा व्यापारको अभिवृद्धिलाई सम्भव बनाउनेजस्ता सो सम्झौताका मुख्य उद्देश्यहरू पूरा गर्न मद्दत गर्नेछ। ऊर्जा ग्रिडको विश्वसनीयता र बजार पहुँचमा सुधार गरी यस सम्झौताले अन्तरराष्ट्रिय 'कनेक्टिभिटी'मा सहयोग पुर्‍याउने र ऊर्जा पूर्वाधारमा अमेरिकी उत्कृष्टता तथा असल अभ्यासहरूको प्रवर्द्धन गर्ने अपेक्षा राखिएको छ। उक्त सम्झौताले अमेरिकी प्रविधि र कम्पनीहरूका लागि नेपाली बजारमा प्रवेश गर्ने अवसरहरूको विस्तार पनि गर्दछ।

यो आर्थिक सहयोगले अमेरिका र नेपालबीच रहेको चिरस्थायी साझेदारी प्रतिविम्बित गर्दछ। दशकौँसम्म दुई देशले आर्थिक वृद्धि, ऊर्जा सुरक्षा र पारस्परिक समृद्धिलाई अघि बढाउनसँगै काम गरेका छन्। एमसिसी नेपाल सम्झौताले उच्च प्रभावयुक्त पूर्वाधारमा केन्द्रित, ऋणरहित र अनुदानमा आधारित सहायतामार्फत् उक्त इतिहासलाई निरन्तरता दिएको यहाँस्थित अमेरिकी दूतावासले जनाएको छ।

## गुन्डाहरु...

ओलीले थपे-'कसैले भेला गर्छ, सभा गर्छ। त्यसैमा भौतिक आक्रमण गर्ने ? सभा गर्न नदिने ?'

ओलीले आफ्ना नेताहरूलाई जानबाट रोकिएको र ५०, ६० जना मान्छे भेला भएर एरपोर्ट नै बन्द गरेको भन्दै सरकारलाई प्रश्न गरे। 'नेताहरूलाई जानबाट रोकियो, एरपोर्ट नै बन्द गरेर,' उनले भने-' एरपोर्टमै तोडफोड गर्न दिइयो। यो देश के भएको ? ४०, ५० जना मान्छे आएर ढुंगा, मुढा गरेर एरपोर्ट नै बन्द गराइ दिने ? के हो यस्तो ?'

ओलीले जेनजीका नाममा मनपरी भइरहेको भन्दै यस्तो अवस्थामा चुनाव कसरी हुन्छ भनेर प्रश्न गरे। 'जतिबेला चाह्यो-जेनजी भन्यो एरपोर्ट बन्द, जेनजी भन्छ सभा बन्द,' ओलीले भने- 'अनि भन्छ चुनाव गर्ने अरे। सभा गर्न नदिनेले चुनाव कसो गर्छ ?'

## लुम्बिनी...

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले आन्दोलनको नाममा निजी संस्थामाथि प्रहार गरिएको बताए। उनले यस्तो कठिन अवस्थामा पनि निजी क्षेत्रले महोत्सव सञ्चालन गरेर सबैतिर निराशा छाएको बेला आशा जगाउन खोजेको उल्लेख गरे।

लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीले मेलालाई अझ व्यवस्थित गर्न स्थायी मण्डप आवश्यक रहेको बताए। उनले यस्ता महोत्सवले आर्थिक क्षेत्र चलायमान बनाउन सहयोग गर्ने जनाए।

चेम्बर अफ कमर्श, रुपन्देहीका वरिष्ठ उपाध्यक्ष राम मिलन यादवले संस्था स्थापनाकालदेखि नै उद्योगी-व्यवसायीको हकहितसँगै अर्थतन्त्र चलायमान बनाउन सहयोग पुग्ने महोत्सव सञ्चालन गर्दै आएको बताए।

चेम्बर अफ कमर्श, रुपन्देहीका निवर्तमान अध्यक्ष दर्पण श्रेष्ठको धन्यवाद ज्ञापन तथा महासचिव लक्ष्मी अधिकारीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो। महोत्सवको उद्घाटन समारोह अघि भैरहवाको देवकोटाचोकदेखि औद्योगिक जनचेतना र्‍याली निकालिएको थियो। उक्त र्‍याली बैंकरोड, मिलनचोक, नारायणपथ, बुद्धचोक हुँदै अञ्चलपुर (महोत्सवस्थल) मा पुगेर समापन भएको संस्थाका सचिव कृष्णप्रसाद पाण्डेले जानकारी दिए। र्‍यालीमा विभिन्न संघ-संस्था तथा विद्यालयहरुको सहभागिता रहेको थियो।

सातौं लुम्बिनी महोत्सवमा करिब १ करोड खर्च हुने महोत्सवको करिब १ लाख ५० हजारले अवलोकन गर्ने आयोजकले अपेक्षा लिएका छन्। त्यस्तै महोत्सवमा करिब ५ करोड रुपैयाँ बराबरको कारोबार हुने आयोजकको भनाइ छ।

महोत्सवको संरक्षकमा सिद्धार्थनगर नगरपालिकाको कार्यालय सिद्धार्थनगर, लुम्बिनी प्रदेश चेम्बर अफ कमर्श, लुम्बिनी, मुख्य प्रायोजकमा एस.आर. स्टिल एण्ड एस.आर. फुड्स प्रा.लि., सनसाइन फुड प्रा.लि., रिया एण्ड रक्षा फुड प्रा.लि., सह-आयोजकमा कृषि तथा भूमि व्यवस्था मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय लुम्बिनी प्रदेश रहेका छन्।

त्यसै गरी प्रवर्द्धकमा पर्यटन विकास परिषद्, लुम्बिनी प्रदेश, सचिवालय प्रायोजकमा मंगलम इण्डष्ट्रिज, ग्रेट प्रायोजकमा माउण्ड एभरेष्ट कत्था मिल्स, मुख्य आधिकारिक बैंकमा नेपाल एसबीआई बैंक लि., आधिकारिक बैंकमा प्रभु बैंक लि., इन्स्योरेन्स पार्टनरमा युनाइटेड एजोड इन्स्योरेन्स लि. र सहयोगी संस्थाहरु यस क्षेत्रका सम्पूर्ण संघ-संस्थाहरु छन्।

**नेपाल ई-कम सेन्टर प्रा.लि.**

**कम्पनी खारेजी सम्बन्धी लिक्वीडेटरको सुचना**

कम्पनी ऐन २०६३, बमोजिम श्री कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा मिति २०५९/०२/२९ गतेका दिन दर्ता भएको "नेपाल ई-कम सेन्टर प्रा.लि." प्रा.लि. दर्ता नं.१८८९१/०५८/०५९ को मिति २०८२/०७/३० मा बसेको कम्पनीको बार्षिक साधारण सभाबाट बिशेष प्रस्ताव पारित गरी स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौतावा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधिमार्फत हकदाबी गर्न निम्नलिखित लिक्वडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सुचित गरिन्छ।

**लिक्वीडेटरको कार्यालय**
लिक्वीडेटर : अधिवक्ता देवी प्रसाद रिजाल
का.म.न.पा.-२८, काठमाण्डौं
मोबाईल नं.९८५१०५०३२९

लम्बिनी प्रदेश सरकार
उद्योग पर्यटन तथा यातायत मन्त्रालय
**उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
घरेलु तथा साना उद्योग कार्यालय परासी, नवलपरासी (ब.सु.प)

**समस्त उद्योगी व्यवसायी तथा उपभोक्ता बर्गमा अनुरोध**

१. उद्योग व्यवसायीहरुले सम्बन्धित निकायमा दर्ता गरेर मात्र उद्योग व्यवसाय सञ्चालन तथा समयसिमा भित्र नविकरण गरी व्यवसाय सञ्चालन गरौं।
२. बिना ईजाजत सुर्तीजन्य र मदिराजन्य बस्तुहरुको बिक्री बितरण नगरौं।
३. बिक्री गर्ने वस्तुहरु समय समयमा निरीक्षण गरी अखाद्य वा म्याद गुज्रेका सामानहरु बिक्री स्थलमा नराखौं।
४. औषधी तथा औषधीजन्य पदार्थहरुको प्याकिङ्गमा उपभोग्य मिति र प्रयोग गर्ने तरिकाको बारेमा उपभोक्तालाई जानकारी दिने गरौं।
५. अनुचित मुनाफा राखि बस्तु तथा सेवा बिक्री गर्नु दण्डनीय अपराध भएको हुदाँ त्यस्तो कार्य नगरौं।
६. करोबार स्थलमा साईनबोर्ड तथा मूल्य सुर्ची स्पष्ट देखिने गरी अनिवार्य रुपमा राख्ने गरौं।
७. उपभोग्य वस्तु खरिद बिक्री गर्दा अनिवार्य रुपमा बिल बिजक लिने/ दिने गरौं।
८. उपभोक्ताले कुनै पनि उपभोग्य वस्तु खरिद गर्दा उत्पादन मिति ,मूल्य,तौल,उपभोग्य मिति,गुणस्तर आदि उल्लेख छ छैन हेरर मात्र खरिद गरौं।
९. प्लाष्टिकको झोलाको बिल्कपमा कपडा वा अन्य झोला प्रयोग गरौं।
१०. उद्योगबाट निस्केको ठोस ,तरल तथ अन्य फोहोरहरुको छुट्टाछुट्टै निर्धारित मापदण्ड बमोजिम व्यस्थापन गरौं।
११. कृत्रिम अभाव श्रृजना गरिएको ,कमसल वस्तु बिक्री वितरण गरेको पाईएमा स्थानिय प्रहरी कार्यालय जिल्ला प्रशासन कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालयमा उजुरी गरौं।
१२. उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा पाएमा नागरिक खबरदारी गरौं।

थप जानकारीको लागि कार्यालय फोन ०७८-५२०१६९
ईमल newalparasi.csio@gmail .com सम्पर्क गरौं।

अनुरोधक
**घरेलु तथा साना उद्योग**
कार्यालय परासी, नवलपरासी (ब.सु.प)

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**मकै भण्डारण:**
दाङको बंगलाचुली गाउँपालिका-४ स्थित फाँटा गाउँका स्थानीयले घरको आँगनमा परम्परागत शैलीमा सुली बनाएर भण्डारण गरेको मकै । तस्विर : कुलदीप न्यौपाने/रासस

# भोगाड क्षेत्रको उत्खनन्का लागि अध्ययन सुरु




नवलपरासी । रामग्राम नगरपालिकामा रहेको कोलीय गणराज्यको राजधानी पन्डितपुरदेखि उत्तर पूर्वमा रहेको बन्जरीमाइ नजिकै रहेको भोगाड क्षेत्रको उत्खनन्का लागि अध्यायन सुरु गरिएको छ ।

रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले बुधवार भूमिपुजन गरेर उत्खनन् सुरु गरेका छन् । पुरातत्व विभागका पुरातत्व विद भास्कर ज्ञवाली , त्रिभुवन विश्वविद्यालय नेपाल इतिहास तथा पुरातात्विक केन्द्री य विभाको डाक्टर आवजित थापा र डाक्टर लोकनाथ दुलालको टोलीले अध्ययन सुरु गरेको छ । त्रिभुवन विश्व विद्यालय नेपाल इतिहास तथा पुरातात्विक केन्द्रीय विभागका २५ जना र लुम्बिनी बौद्ध विश्वविद्यालयका ५ जना विद्यार्थीको टोलीलाई तालिम प्राक्टिकल समेत गराइने त्रिभुवन विश्वविद्यालयका डाक्टर आवजित थापाले बताए ।

मंसिर २ गतेदेखि १५ गतेसम्म उक्त क्षेत्रको अध्ययन अनुसन्धान गरेर त्यहाँ प्राप्त भएका सामग्रीहरु व्यवस्थापनका बारेमा विद्यार्थीहरुलाई जानकारी गराइनेछ । रामग्राम १४ को पण्डितपुरमा विभिन्न समयमा भएको उत्खनन्मा गौतमबुद्धको कोलीय गणराज्यको राजधानी र मावली पण्डितपुर हुन सक्ने आधार यसभन्दा पहिले नै विभिन्न ऐतिहासिक सामग्री फेला परेका थिए । अहिले अध्ययन गर्न लागेको क्षेत्र कस्तो क्षेत्र र कति पुरानो हो । यसको उत्खनन्मा कस्ता सामग्री प्राप्त हुन्छन्, त्यसपछि मात्र यसको बारेमा भन्न सकिने पुरातत्व विद् भास्कर ज्ञवालीले बताएका छन् ।

यस क्षेत्र पनि कोलीय गणराज्यको राजधानी पण्डितपुर नजिकै रहेको हुँदा महत्वपूर्ण पुरातात्विक क्षेत्र हुन सक्ने अनुमान गरिएको छ । २०६६।६७ मा यस क्षेत्रलाई पुरातत्व विभागले साँस्कृतिक सम्पदामा राखेर काम सुरु गरेको थियो ।

पुरातत्व विभागले पण्डितपुरमा धेरै पटक उत्खनन् गरिसकेको छ । भूमिपुजनपछि रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले पण्डितपुर क्षेत्रको रामग्राम बन्जरीमाई, हडौया पोखरी क्षेत्र कोलीय गणराज्यअन्तर गत पर्ने कुरा बताएका छन् ।

# बुटवलमा पिकोनको उत्प्रेरणामूलक कार्यक्रम




बुटवल । भारतमा विद्युत् सामग्रीमा नाम कमाएको पिकोन कम्पनीले रुपन्देहीमा आफ्नो उत्पादन लञ्च तथा विद्युत्कर्मीहरुलाई उत्प्रेरणामूलक कार्यक्रम सम्पन्न गरेको छ ।

यस क्षेत्रको आधिकारिक बिक्रेता काशी इलेक्ट्रिक्स स्टोरको आयोजनामा सोमबार बुटवलमा आयोजना भएको कार्यक्रमको कम्पनीका भारत मार्केटिङ हेड मनोज पोदार, नेपालका विजनेश हेड विकास पोदारले विद्युतीय सामग्री उत्पादन गर्दा नयाँ-नयाँ प्रविधिको प्रयोग गरी समयसापेक्ष र आम उपभोक्ताको मागअनुसार रहेको बताए ।

विशेष गरी भोल्टेज समस्या नहुने, उपभोक्ताको समस्या समाधानसहितको उत्पादन रहेको पोदारको दाबी छ । कम्पनीको हाल ७ सय बढी इलेक्ट्रिक उत्पादनहरु रहेका छन् ।

नयाँ र प्रविधियुक्त उत्पादन रहेको छ । सोही कार्यक्रममा नेपाल विद्युतीय व्यवसायी महासंघको हालै सम्पन्न अधिवेशनबाट द्वितीय उपाध्यक्ष पदमा नवनिर्वाचित भएका प्रकाशचन्द्र पाण्डे, सचिव लोकनाथ पोखरेल र लुम्बिनी प्रदेश संयोजक दिपक पौडेललाई बधाईसहित सम्मान गरिएको छ।

रुपन्देही विद्युतीय व्यवसायी संघका अध्यक्ष सागरराज खरेलले विद्युत्कर्मीहरुको हकहितमा निरन्तर लाग्नुपर्ने बताए ।

कार्यक्रममा सुनसरी जिल्लाबाट डिलर आनन्द चित्लागिया, चितवनका प्रविण पौडेल, पर्साका कृष्ण पटेलको विशेष उपस्थिति रहेको थियो ।

यसैगरी उत्प्रेरणा कार्यक्रममा सहभागी एक सय ५० बढी विद्युत्कर्मीहरुलाई लक्कीड्रमार्फत् विभिन्न मेसिन, फ्रिज उपहार प्रदान गरिएको काशी इलेक्ट्रिक स्टोरका प्रबन्ध निर्देशक सन्दिप कशौधनले बताए ।

कार्यक्रममा काशीका डाइरेक्टर राहुल कशौधनले विद्युत्कर्मीहरुलाई आगामी दिनमा समेत उत्प्रेरणामूलक र तालिमका कार्यक्रममा जोड दिने प्रतिबद्धता जनाए ।

# सरावलको सुविधासम्पन्न प्रशासनिक भवन निर्माण सुरु



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीको सरावल गाउँपालिकामा प्रशासनिका भवनको शिलान्यास गरिएको छ । गाउँपालिकाका अध्यक्ष सुखाडीप्रसाद चौधरीले बुधबार एक कार्यक्रमको बिच गाउँपालिकामा प्रशासनिका भवनको शिलान्यास गरेका हुन् । आफ्नै सुविधासम्पन्न प्रशासनिक भवन निर्माण सरावल-३ सरावल टोलमा निर्माण हुन लागेको साढे दुई तले प्रशासनिक भवनको बुधबार भूमि पुजनसहित शिलान्यास गरिएको हो ।

हाल सेवा प्रवाह गरिरहेको भवनबाट पालिकाको सबै सेवा प्रवाहमा कठिनाइ हुँदै आएकोले सरावलवासीलाई सहज, सुलभ र छिटोछरितो सेवा प्रवाह गर्ने उद्देश्यले आफ्नै प्रशासनिक भवन निर्माणको थालनी गरेको सरावल गाउँपालिका अध्यक्ष सुखाडीप्रसाद चौधरीले जानकारी दिए ।

निर्माण हुन लागेको प्रशासनिक भवनको गाउँपालिका अध्यक्ष चौधरी, उपाध्यक्ष बासमति हरिजन र प्रमुख प्रशासकीय अधिकृत श्रीप्रसाद गौतमले संयुक्त रुपमा भूमि पूजा गरेर शिलान्यास गरेका हुन् ।

आफू निर्वाचित भएदेखि नै भवन बनाउने प्रयास गर्दै आए पनि जग्गाको समस्याका कारण भवनको काम अघि बढाउन ढिलाइ भएको बताउँदै अध्यक्ष चौधरीले नेपाल सरकारबाट गाउँपालिकाको नाममा पूर्जा प्राप्त भएपछि भवन निर्माण सुरु गरिएको जानकारी दिए । विसं.२०८४को पुस महिनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको प्रशासनिक भवन गतोकिएकै समयमा गुणस्तरीय बनाउन अध्यक्ष चौधरीले निर्माण कम्पनीलाई आग्रह गरेका थिए ।

गत आर्थिक वर्ष नै ठेक्का गरी असार १० गते निर्माण कम्पनीसँग भवन निर्माणका लागि सम्झौता भएको थियो । भवन निर्माणका लागि कूल लागत रु आठ करोड ३० लाख ६६ हजार रुपैयाँ विनियोजन भए पनि निर्माण कम्पनी बीएम सार्वजनिक जेभी, नुवाकोटले झण्डै २९ प्रतिशत घटेर अर्थात् रु पाँच करोड ९७ लाख ४२ हजारमा निर्माणको जिम्मा लिएको सरावल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीप्रसाद गौममले जानकारी दिए । कूल लागतमध्ये संघीय शहरी विकास मन्त्रालयको ६० प्रतिशत र गाउँपालिकाको ४० प्रतिशत लगानी रहेको गौतमले जानकारी दिए ।

# एचआइभी रोकथाम कार्यक्रमबारे समन्वयात्मक बैठक



बुटवल । आप्रवासी तथा उनीहरूका दम्पतीहरूलाई लक्षित गरी सञ्चालित एचआइभी रोकथाम कार्यक्रमअन्तर्गत सरोकारवाला निकायहरुसँगको समन्वयात्मक बैठक बुटवलमा सम्पन्न भएको छ । बैठकको आयोजना नागार्जुन डेभलपमेन्ट कम्युनिटी (एनडीसी) रुपन्देहीले गरेको थियो ।

कार्यक्रममा एनडीसी रुपन्देहीकी कार्यक्रम अधिकृत राधा अधिकारी भट्टराईले परियोजनाको प्रगति, महत्व तथा आगामी कार्ययोजनाबारे प्रस्तुति दिएकी थिइन् ।

कार्यक्रममार्फत् हालसम्म २२ हजार ७७६ जनाको एचआइभी परीक्षण गरिएको तथा ८ नयाँ केस फेला परेको तथ्यांक उनले सुनाइन् ।

उनले प्रवासी कामदार र उनीहरूका दम्पतीका लागि एचआइभी रोकथामको कार्यक्रम लामो समयदेखि गर्दै आएको बताइन् ।

बैठकमा सहभागीहरूले आप्रवासी समुदायमा एचआइभी जोखिम बढ्दो अवस्थामा रहेको भन्दै रोकथाम तथा उपचार सेवाको पहुँच विस्तार गर्न आवश्यक रहेको धारणा राखेका थिए ।

परियोजनाले नेपाल सरकारको राष्ट्रिय एचआइभी रणनीतिक योजना २०२१-२०२६ मा उल्लेखित लक्ष्य–सन् २०३० भित्र नेपालमा एचआइभी संक्रमण अन्त्य गर्नेमा योगदान पुऱ्याउने उद्देश्य राखेको एनडीसीले जानकारी दिएको छ ।

सो अवसरमा जिल्ला स्वास्थय कार्यालय रुपन्देहीका प्रमुख उमा थापा, एचआइभी / टिभि फोकल पर्सन टिकाराम अधिकारी, बुटवल उप-महानगरपालिका स्वास्थ्य शाखा प्रमुख यवराज पाण्ढेलगायतले बोलेका थिए ।

सो अवसरमा टिभि र एचआइभीसँग सरोकारको काम गर्ने विभिन्न व्यक्तिहरु सहभागी थिए ।

मानव स्वास्थ्यको क्षेत्रमा २०५२ सालमा स्थापना भएदेखि कृयाशिल रहेको नागार्जुन डेभलपमेन्ट कम्युनिटी एनडीसीले आफ्ना गतिविधि लुम्बिनी प्रदेशमा कृयाशिल बनाएको छ ।

यसको लुम्बिनी प्रदेशका तराईका ६ जिल्लाहरु रुपन्देही, बाँके, बर्दिया, कपिलवस्तु, दाङ र परासीमा कार्यक्षेत्र रहेको छ ।

# ३७ नेपालीको उद्धार




बुटवल । आकर्षक रोजगारीको प्रलोभनमा परी विभिन्न माध्यमबाट म्यानमारमा पुगेका तीन दर्जन नेपालीको नेपाली राजदूतावास थाइल्यान्डले उद्धार गरी नेपाल पठाएको छ ।

दूतावासका अनुसार ३७ जना नेपाली म्यान्मारमा अवैधरूपमा सञ्चालन भएका अनलाइन स्क्यामिङ्ग केन्द्रहरूमा विभिन्न अनलाइन डेटिङ, अनलाइन क्यासिनो, गेमिङ तथा फिसिङ, क्रिप्टो ठगीलगायतका काममा लगाइएका थिए ।

अक्टोबर १९ मा स्क्यामिङ्ग केन्द्रमा म्यानमार सुरक्षाकर्मीको छापा परेपछि भाग्ने क्रममा थाइल्याण्ड प्रवेश गरेका थिए । उनीहरूलाई नेपाली राजदूतावासले थाइल्याण्डका सम्बन्धित निकायहरूको समन्वय र सहयोगमा उद्धार गरी बुधबार नेपाल एयरलाइन्सको उडान नं. आरए ४०२ मार्फत् नेपाल फर्काएको हो ।

त्यसैगरी, म्यानमारको म्यावडीमा रहेका थप २३ जना, थाइल्यान्डको मेसोटमा रहेका २ जना तथा कम्बोडियामा रहेका ४ जना नेपालीहरूलाई यथाशीघ्र नेपाल फर्काउने गरी म्यानमार, कम्बोडिया तथा थाइल्याण्डका सम्बन्धित निकायहरूसँग समन्वय भइरहेको दूतावासले जनाएको छ ।

नेपाल सरकारले तोकेका मापदण्ड बमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभले कम्बोडिया, लाओस, म्यानमार, थाइल्याण्डलगायतका मुलुकहरूमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउनका लागि राजदूतावासले अनुरोध गरेको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु
परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com